निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref: मिति: २०७८/०४/१९

# प्रेस विज्ञप्ति

## विभिन्न ४१ वटा राजनीतिक दलहरुको दर्ता खारेज

आज मिति २०७८/०४/१९ गते बसेको निर्वाचन आयोगको बैठकले लगातार तीन वर्षसम्म लेखापरीक्षण प्रतिवेदन समयभित्रै आयोगमा नबुझाउने विभिन्न ४१ राजनीतिक दलहरुको मिति २०७८/४/२० देखि लागू हुनेगरी दर्ता खारेज गरेको छ । साथै खारेज भएका राजनीतिक दलहरुको नाम, झण्डा, चिन्ह दर्ता खारेज भएको मितिले एक वर्षसम्म अन्य कुनै दलले प्रयोग गर्न नपाउने गरी आयोगबाट निर्णय भएको छ । यसरी विभिन्न ४१ दलको दर्ता खारेज भएपछि आयोगमा १३६ वटा दल दर्ता रहेकोमा ९५ वटा दलको मात्र दर्ता कायम रहन पुगेको छ ।

दल दर्ता खारेज भएका ४१ राजनीतिक दलका केन्द्रिय पदाधिकारी र सदस्यहरूको नाम नामेसी सहितको विवरण छुट्टा छुट्टै तयार गरी निजहरूबाट आयोगबाट प्रत्येक राजनीतिक दललाई तोकिएको जरिवाना रकम रू पचास हजार सरकारी बाँकी सरह असुल उपर गर्न कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय बबरमहल काठमाडौंमा लेखी पठाउने, जरिवाना रकम असुल उपर नभएसम्मको अवधिको लागि खारेज भएका दलका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू आयोगमा दर्ता कायम रहेका अन्य राजनीतिक दलको पदाधिकारी बन्न नपाउने व्यवस्थाका लागि नयाँ दल दर्ता हुँदा र कायम रहेका दल अद्यावधिक गर्दाका बखत नाम ठेगाना भिडाई मात्र कानून बमोजिम अग्रिम कारवाही प्रक्रिया अगाडी बढाउने समेत निर्णय भएको छ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दलहरूले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राख्नु पर्ने र आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई एक महिनाभित्र आयोगमा पेश गर्नु पर्ने व्यवस्था छ । साथै आयोगले अवधि समाप्त भएको पैंतालीस दिनभित्र त्यस्तो दललाई त्यसरी लेखा परीक्षण प्रतिवेदन पेश नगर्नुको कारण खुलाई स्पष्टीकरण पेश गर्न आदेश दिन सक्ने र दलले स्पष्टीकरण पेश गर्नु पर्नेछ भन्ने व्यवस्थाका साथै लगातार तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाउने राजनीतिक दललाई आयोगले त्यस्तो काम कारवाही छ महिनाभित्र सच्याउन आदेश दिन सक्ने तथा अवधिभित्र कामकारवाही नसच्याएमा त्यस्तो दललाई आयोगले तत्काल हुने एक निर्वाचनमा भाग लिन नपाउने गरी आदेश दिन सक्ने व्यवस्था रहेको छ ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref: राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिमको कसूर एक पटक भन्दा बढी गरेमा वा दिएको आदेश एक वर्षभित्र पालना नगरेमा वा तोकिएको जरिवाना नबुझाएमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्न सक्ने समेतका कानुनी व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था अनुसार दल दर्ता खारेज भएका राजनीतिक दलहरुको विवरण देहाय बमोजिम रहेका छन् ।

| क्र.सं | दल दर्ता मिति | दल दर्ता नं | राजनीतिक दलको नाम |
|---|---|---|---|
| १. | २०७३/८/३० | ९ | राष्ट्रिय त्रिमूल बहुजन समाजवादी पार्टी |
| २. | २०७३/८/३० | ३० | राष्ट्रिय जनएकता पार्टी |
| ३. | २०७३/८/३० | ३३ | हाम्रो पार्टी |
| ४. | २०७३/८/३० | ४० | नयाँ संघीयता जनधारणा पार्टी |
| ५. | २०७३/८/३० | ४२ | मातृभूमी नेपाल पार्टी |
| ६. | २०७३/८/३० | ५० | नेपाल नागरिक पार्टी |
| ७. | २०७३/८/३० | ५६ | नागरिक समाजवादी पार्टी |
| ८. | २०७३/८/३० | ६० | देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा |
| ९. | २०७३/८/३० | ६५ | नेपाल न्यायिक दल |
| १०. | २०७३/८/३० | ६८ | अखण्ड नेपाल पार्टी |
| ११. | २०७३/८/३० | ७२ | यूवा शक्ति नेपाल पार्टी |
| १२. | २०७३/८/३० | ७४ | हाम्रो नेपाल पार्टी |
| १३. | २०७३/८/३० | ७५ | राष्ट्रिय चुरेभावर पार्टी |
| १४. | २०७३/८/३० | ७७ | राष्ट्रिय शिवसेना पार्टी |
| १५. | २०७३/८/३० | ८१ | श्रमिक जनता पार्टी–नेपाल |
| १६. | २०७३/८/३० | ८२ | नेपाः राष्ट्रिय पार्टी |
| १७. | २०७३/८/३० | ८६ | नेपाल प्रजातान्त्रिक प्रगतिशिल पार्टी |
| १८. | २०७३/८/३० | ८७ | मधेश समता पार्टी नेपाल |
| १९. | २०७३/८/३० | ८९ | नेपाली काँग्रेस राष्ट्रवादी |
| २०. | २०७३/८/३० | ९० | चुरेभावर राष्ट्रिय पार्टी |
| २१. | २०७३/८/३० | ९१ | हिन्दु प्रजातान्त्रिक पार्टी |
| २२. | २०७३/८/३० | ९२ | राष्ट्रिय पुनर्जागरण पार्टी |
| २३. | २०७३/८/३० | ९३ | युवा नेपाल पार्टी |
| २४. | २०७३/८/३० | ९५ | लिबरल डेमोक्रेटिक पार्टी |

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

| | | | |
|---|---|---|---|
| २५. | २०७३/८/३० | ९६ | नयाँ पिपुल्स पार्टी |
| २६. | २०७३/८/३० | ९८ | नेपाल लोकतान्त्रिक जनता काँग्रेस |
| २७. | २०७३/८/३० | १०२ | नेपाल गणतान्त्रिक एकता पार्टी |
| २८. | २०७३/८/३० | १०३ | तराई पहाड हिमाल समाज पार्टी |
| २९. | २०७३/८/३० | १०४ | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल |
| ३०. | २०७३/८/३० | १०७ | राष्ट्रिय जनता दल नेपाल |
| ३१. | २०७३/८/३० | १०८ | लोक कल्याणकारी जनता पार्टी नेपाल |
| ३२. | २०७३/११/१ | ११३ | बौद्धिक जनतान्त्रिक परिषद, नेपाल |
| ३३. | २०७३/१२/१ | ११५ | राष्ट्रिय श्रमिक नागरिक पार्टी |
| ३४. | २०७३/१२/१ | ११६ | मूलबासी मुक्ति पार्टी |
| ३५. | २०७३/१२/१ | ११७ | देशभक्त लोकतान्त्रिक पार्टी |
| ३६. | २०७३/१२/१ | १२० | संघीय लिम्बुवान, नेपाल |
| ३७. | २०७३/१२/१ | १२३ | नेपाल श्रमिक शक्ति पार्टी |
| ३८. | २०७४/३/२८ | १२६ | किरात खम्बुवान लोकतान्त्रिक पार्टी |
| ३९. | २०७४/३/३० | १३३ | दलित मुस्लिम जनशक्ति पार्टी |
| ४०. | २०७४/१२/२ | १४३ | जनता पार्टी |
| ४१. | २०७४/१२/२ | १४४ | आजाद जनता पार्टी |

०७८/४/१९

(राजकुमार श्रेष्ठ)

सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np